# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, असार २६ गते, २०८२ साल (संख्या ०५


## भाग ३

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना

**गण्डकी प्रदेश दीर्घकालिन पुनस्थापना केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२**

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२ को अनुसूची १ मा संशोधनः** "गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२" मा अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राखिएको छः-

**अनुसूची -१**

(दफा १२ (२) सँग सम्बन्धित)

**संस्था छनोटका लागि मूल्याङ्कनका आधारहरु**

| क्र सं | मूल्याङ्कनका आधार तथा अङ्कभार (पूर्णाङ्क ५५) | | | कैफियत |
|---|---|---|---|---|
| १ | पुनर्स्थापना/संरक्षण आवास गृह संचालनको अनुभव (अङ्कभार २०) | पाँच बर्ष सम्म | १० | |
| | | दश बर्ष सम्म | १५ | |
| | | दश बर्ष भन्दा बढी | २० | |
| २ | पुनर्स्थापना/संरक्षण आवास गृहले अघिल्लो आर्थिक वर्षमा सेवा दिएको लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको संख्या (अङ्कभार १५) | पच्चीस जना सम्म | ५ | |
| | | पचास जना सम्म | १० | |
| | | पचास जना भन्दा बढी भए | १५ | |
| ३ | अघिल्लो आर्थिक वर्षमा पुनर्स्थापना गरेका लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको संख्या (अङ्कभार १५) | पच्चीस जना सम्म | ५ | |
| | | पचास जना सम्म | १० | |
| | | पचास जना भन्दा बढी भए | १५ | |
| ४ | प्रस्तावक संस्थाहरुको स्थलगत मूल्याङ्कन (अङ्कभार ५) | स्थलगत मूल्याङ्कनका सूचकहरु तपसिल बमोजिम हुने | ५ | |

**स्थलगत मूल्याङ्कनका सूचकहरु**

| सि. नं. | मूल्याङ्कनका आधारहरु | सूचक | अवस्था | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार | भवन, परिसर र कोठाहरुको सरसफाइ | | ०-१ | | |
| | | शौचालय, पानी सुविधा, विधुत् आपूर्ति | | | | |
| | | अपाङ्गता मैत्री पहुँच | | | | |
| २ | सुरक्षा व्यवस्था | सुरक्षा गार्ड/सीसीटीभीको व्यवस्था | | ०-१ | | |
| | | आपत्कालीन निकास/योजना | | | | |
| | | सेवाको अभिलेख अद्यावधिक र सुरक्षा व्यवस्था | | | | |
| | | व्यक्तिगत गोपनीयता सुनिश्चित गरिएको | | | | |
| ३ | सेवाको गुणस्तर | खानपान, स्वास्थ्य, सरसफाइ नियमित | | ०-१ | | |
| | | मनोसामाजिक र कानुनी परामर्शमा पहुँचको व्यवस्था | | | | |
| | | पुनर्स्थापना पूर्व तयारी योजना, जीवनोपयोगी सिप तालिम उपलब्ध | | | | |
| ४ | सेवाग्राही सन्तुष्टि | सेवाग्राही सन्तुष्ट छन् | | ०-१ | | |
| | | सेवाबाट लाभ लिएको अनुभव | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | मानव संसाधन र समन्वय/साझेदारी | पर्याप्त तथा प्रशिक्षित जनशक्ति, महिलामैत्री र संवेदनशील व्यवहार | | ०-१ | | |
| | | सरकारी निकायसँगको समन्वय तथा साझेदारीको अवस्था | | | | |

नोटः- (१) क्रम संख्या २ र ३ बमोजिमको अंक प्राप्त गर्न सरकारी निकायबाट प्रमाणित भएको कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ साथै मूल्याङ्कन समितिले माग गरेको बखत सक्कल कागजात समेत उपलब्ध गराउनु पर्नेछ ।

(२) मूल्याङ्कनमा उच्चतम अंक प्राप्त गर्ने प्रस्तावक संस्थालाई छनौट गरिनेछ।

आज्ञाले,
नबराज ढकाल
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु १०।-